छत्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

## ढुंगा, गिट्टी, बालुवा, आदि नदीजन्य वस्तुहरुको निकासी कर असुली गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०६।३१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१) घ (२) र घ (६) समेतमा भएको व्यवस्था प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन लुम्बिनी प्रदेश सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग विक्री वितरण कसर उद्योग स्थापना र संचालनलाई व्यवस्थापन गर्ने कार्यविधि, २०७५ मा भएको व्यवस्था तथा छत्रकोट गाउपालका, गाउँकार्यपालिकाको निर्णयानुसार ढुंगा, गिट्टी, बालुवा आदि नदीजन्य वस्तुहरुको निकासी कर असुली गर्ने कार्य आ.व. ०७९/०८० को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्महरुले शिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व. ०७९/०८० का लागि कायम न्यूनतम अंक (कर र मु.अ.कर बाहेक) | संकलन उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | दरभाउपत्र फाराम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|---|
| CRM/Gul/M/SQ-02/079-080 | छत्रकोट गाउँपालिका वडा नं. १ सिस्ने पुल देखि चोरकाटे सम्म र चोरकाटे पुल देखि तल्लो रमौदि भित्र पर्ने बडिघाट खोला किराना अन्तर्गतका क्षेत्र | रु.१०३७७८६।- | ३४५९२९ क्यू फुट | रु. १०००।- | कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम |
| CRM/Gul/M/SQ-03/079-080 | छत्रकोट गाउँपालिका वडा नं. ४ सातमुरे देखि अगाह सम्म र छिस देखि हर्दिखोला सम्म पर्ने रिडीखोला किनार अन्तर्गतका क्षेत्रहरु | रु. ४२८४१५।- | १४३८७२ क्यू फुट | रु.१०००।- | कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम |
| CRM/Gul/M/SQ-04/079-080 | छत्रकोट गाउँपालिका वडा नं. ६ बुछुड्दी देखि सौर्य खोला दोभान सम्म र दोभान ठूलाबगर दाङ्जा सम्म पर्ने रिडीखोला किनार अन्तर्गत पर्ने क्षेत्रहरु | रु. ६८८१२७।- | २२९३७६ क्यू फुट | रु.१०००।- | कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम |

**ठेक्का सम्बन्धी शर्तहरु**

१. उल्लेखित ठेक्काहरुको लागि दरभाउ पत्र फाराम छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यवसाय, फर्म वा कम्पनीको दर्ता नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

३. ठेक्का अवधिः ठेक्का नं. CRM/Gul/M/SQ-02/079-080, CRM/Gul/M/SQ-03/079-080, CRM/Gul/M/SQ-04/079-080 को आ.व. ०७९/०८० जेष्ठ मसान्त सम्म रहनेछ । बन्द हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम शुरु नभएको अवस्थामा कुनैपनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईनेछैन । IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा बढी क्षेत्रबाट सामाग्री उत्खनन गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखेको मौज्दात सामाग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिनेछ ।

४. कबोल अंकको थप मूल्य अभिवृद्धी कर १३% राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा र १.५% अग्रिम आय कर कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व शाखामा बुझाई सो को प्रमाण यस कार्यालयमा बुझाउनुपर्नेछ ।

५. धरौटी वापतको रकम यस कार्यालयको सेन्चुरी कमर्सियल बैंक भेडुवा शाखामा रहेको ग-३-१-छत्रकोट गा.पा. स्थानीय तह धरौटी खाता नं. ११७००००००४GE मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकबाट जारी भएको जमानत (विड वण्ड)को सक्कल प्रति दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

६. रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र बुझाउनुपर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिनको २ बजे गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

८. जमानत वापत दरभाउपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाह सम्बन्धी माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई कुनै हानी-नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र, दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएमा कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१२. दरभाउपत्र फाराम नियमानुसारको राजश्व रकम तिरी छत्रकोट गाउँकार्यपालिकाको कार्यालय, चोयगाबाट खरिद गरी पेश गर्न सकिनेछ ।

१३. ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, छत्रकोट गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१४. दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता वापत कबोल अंकको २५% रकम दाखिला गर्नुपर्नेछ ।

१५. माथि उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ । ठेक्कामा कुनै विवाद भएमा छत्रकोट गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ९८५७०६७९०८ र ९८६१२५३५२५ तथा ईमेल-info@chhatrakotmun.gov.np, chhatrakot90@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत